आज मिति २०७९ साल असोज १३ गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को पाँचौ कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

श्री राम बहादुर महतो - का.वा.अ. -

<u>आमन्त्रित</u> :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत -

श्री विन्देश्वर यादव - लेखापाल-

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर (प्रशासन शाखा) -

प्रस्तावहरु :

१. शुभकामना आदान प्रदान र विदाइ सम्बन्धमा ।
२. अख्तियार प्रत्यायोजन सम्बन्धमा ।
३. सुकुम्बासी सम्बन्धमा ।
४. विद्युतिकरण सम्बन्धमा ।
५. RK stra तथा डिजे सम्बन्धमा ।
६. वडा नं.१ मध्येहर्षाहीको प्रहरी चौकी स्थापना सम्बन्धमा ।
७. कर्मचारी म्याद थप सम्बन्धमा ।
८. दुर्गा मन्दिर अगाडिको माटो पुर्ने काम सम्बन्धमा ।
९. १० बेडको आधारभूत अस्पताल रनिङ विलको रकम भुक्तानी सम्बन्धमा ।
१०. स्वास्थ्य सल्लाहकार नियुक्ती सम्बन्धमा ।
११. आर्थिक सहायता सम्बन्धमा ।
१२. जनप्रतिनिधिको चाडपर्व खर्च सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आउन लागेको विभिन्न चाडपर्वको अवसरमा गाउँपालिका भित्रका विभिन्न विशिष्ट व्यक्तित्व तथा नागरिक, कर्मचारी तथा जनप्रतिनिधी बिच शुभकामना आदान प्रदान तथा निवर्तमान जनप्रतिनिधीहरुलाई विदाई कार्यक्रम मिति २०७९/०६/१४ गते दिनको १ बजे देखि गर्ने सर्वसम्बत निर्णय गरियो ।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाले गाउँपालिकाको मुद्दा मामिला तथा अन्य न्यायिक प्रयोजनको लागि अधिवक्ता श्री बलेन्द्र मेहतालाई कानूनी सल्लाहाकार नियुक्ति गरिसकिएको हुँदा यस गाउँपालिका, गाउँपालिका अन्तर्गतका वडा कार्यालय, शाखा कार्यालय तथा सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई किटान गरी कार्यालयको कामकाज सँग सम्बन्धित भएर दायर भएका सम्पूर्ण मुद्दा मामिलाहरुको वारिस अख्तियार कानूनी सल्लाहकार श्री बलेन्द्र मेहतालाई प्रदान गर्ने सर्वसम्बत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुकुम्बासी समस्या समाधान आयोगको परिपत्र बमोजिम लगत फारम समेत संकलन भइसकेको हुँदा उक्त फारमलाई इन्ट्रि गर्न सम्बन्धित वडा कार्यालयमा पठाउने सर्वसम्बत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका क्षेत्र भित्र कृषि सिचाइको लागि विद्युतिकरण गर्न वडा नं. १ देखि ७ सम्म कृषि सिचाईको लागि विद्युतिकरण गर्ने कार्य योजना अन्तर्गत चालु आ.व. देखि बजेट विनियोजन समेत भइसकेको हुँदा सो आयोजनामा ५०% (पचास प्रतिशत) साझेदारीमा कार्य गर्नेगरी प्रदेश सरकार तथा सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्बत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका भित्र चाडपर्वको समयमा सांस्कृतिक कार्यक्रम गर्दा RK stra जस्ता अस्लिल नृत्यहरु संचालन गरी सांस्कृतिक सहिस्णुता खलल पुऱ्याई समाजमा विकृती फैलाउने कार्य हुने गरीको तथा डिजे कार्यक्रमको नाममा अत्यन्तै ठूलो आवाजमा सांस्कृतिक कार्यक्रम संचालन हुने गरेको भन्ने जनगुनासो आएकोले स्थानीय प्रहरीसंग सहकार्य गरी सांस्कृतिक कार्यक्रमहरुमा RK stra जस्ता अस्लिल कार्यक्रम संचालन गर्न बन्द गराउने तथा डिजे साउण्डले मुटु रोगीलाई तत्काल स्वास्थ्य समस्या सिर्जना हुने भएकोले डिजे कार्यक्रम संचालन गर्दा कार्यक्रम स्थलमा मात्र न्यून आवाजमा बजाउने तथा बाटोमा जाँदा आउँदा बजाउन नदिने सर्वसम्बत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.१ स्थित मध्येहर्षाही प्रहरी चौकी तत्काल स्थापना गर्नुपर्ने भएकोले शौचालय, भान्साघर तथा भवन मर्मतको लागि गा.पा.को समपुरक कोषबाट खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिमको बजेट विनियोजन गर्ने सर्वसम्बत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.३ स्थित कप्तानगञ्ज स्वास्थ्य चौकीमा अ.न.मी. पदमा करार सेवामा कार्यरत कर्मचारी श्री विना कुमारी मेहताको आ.व. २०७९/०८० मा म्याद थप गर्न छुट भएको तर हाल सम्म कार्यरत रहेकोले उक्त दरबन्दीमा स्थायी कर्मचारी आएमा स्वत: अवकास रहने गरी २०७९/०४/०१ गते देखि लागु हुने गरी म्याद थप गर्ने सर्वसम्बत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.२ स्थित दुर्गा मन्दिर अगाडि मैदानमा खाल्डो भई पानी समेत जमेको कारणले दैनिक पूजापाठ लगायतका कार्यमा असहजता भएको हुँदा तत्काल बजेट क्र.सं. १४, अन्य पूँजीगत खर्च शिर्षकबाट एक लाखमा नबढ्ने गरी कार्य गर्ने सर्वसम्बत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघिय सरकार बाट १० बेडको आधारभूत अस्पताल निर्माण शिर्षकमा सशर्त बजेट विनियोजन भएकोमा हालसम्म रकम निकासा नभएकोले पछि शोधभर्ना हुनेगरी समपूरक अनुदान शिर्षकको बजेटबाट रनिङ बिलको रकम भुक्तानी दिने सर्वसम्बत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.३ बस्ने डाक्टर श्री ओम प्रकाश मेहतालाई यस गाउँपालिकाको अवैतनिक (तलब नदिने गरी) स्वास्थ्य सल्लाहकार नियुक्ति गर्ने सर्वसम्बत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायता सम्बन्धमा विभिन्न निवेदनहरु प्राप्त भएको हुँदा तपसिल बमाजिम आर्थिक सहायता वितरण गर्ने सर्वसम्बत निर्णय गरियो ।

क) प्रहरी चौकीलाई मौला पुजाको लागि सहयोग

१) इन्सिपेक्टरको कमान्डिङ भएको प्रहरी चौकी/वि.ओ.पी. लाई रु.१५,०००/-

२) स.ई.को कमान्डिङ भएको प्रहरी चौकीलाई रु.१०,०००/-

३) अ.स.ई.को कमान्डिङ भएको प्रहरी चौकीलाई रु.१०,०००/-

ख) विरामीको लागि आर्थिक सहायता

१) सामान्य प्रकृतिका विरामीलाई गा.पा. अध्याक्षको तोक आदेशमा रु.५,०००/-

१२. प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस गाउँपालिकाका सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई चार्डपर्व खर्च वापत रु.२५,०००/- भुक्तानी दिने सर्वसम्बत निर्णय गरियो ।